सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम बुढाथोकिले गाउँसभाको चौधौ अधिवेशनमा पेश गर्नु भएको

आ.व. २०८०/०८१ को

# नीति तथा कार्यक्रम

सुनिलस्मृति गाउँपालिका

रोल्पा जिल्ला

लुम्बिनी प्रदेश

२०८०/०१/२६

**सम्मानित चौधौ गाउँसभा सदस्यज्यूहरु,**

गाउँसभाका सम्पूर्ण सदस्यहरु,विभिन्न राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधि ज्यूहरु, संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु,समाजसेवी तथा वुद्विजीविहरु,पत्रकार, सुरक्षाकर्मी, सम्पूर्ण कर्मचारीहरु, सभामा उपस्थित तथा प्रत्यक्ष रेडियो प्रसारण तथा सामाजिक सञ्जालबाट स्वदेश तथा विदेशमा रहनु भईसुनिरहनु हेरीरहनु भएका सम्पूर्ण सुनिलस्मृति वासि आमा बुवा, दाजु भाई तथा दिदि वहिनिहरु,

नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा व्यवस्था भए वमोजिम गाउँ कार्यपालिकाको तर्फबाटआर्थिक वर्ष २०७९/०८० को बार्षिक नीति तथा कार्यक्रम यस गाउँपालिकाको यस सम्मानित सभामा पेश गर्न पाउदा गौरवको महसुस गरेको छु । यस गौरवपूर्ण अवसरमा राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि नेपाली जनताले पटक पटक गर्दै आएका ऐतिहासिक जन आन्दोलन, सशस्त्र संघर्ष, त्याग र बलिदानको गौरवपुर्ण इतिहासलाई स्मरण एवंम् शहिदहरु तथा बेपत्ता, घाइते र पीडित नागरिकहरुलाई उच्च सम्मानभाव व्यक्त गर्दै सम्पुर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । जनताको प्रतिष्पर्धात्मक बहुदलीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था जस्तो महत्तम शासन व्यवस्था सहितको अग्रगामी परिवर्तन ल्याउन भौतिक अभौतिक रुपमा योगदान गर्नुहुने सम्पूर्ण आम नागरिक, राजनीतिक दल, नागरिक समाज, सञ्चार जगत, लेखक, विद्यार्थी, शिक्षक, कर्मचारी, कुटनीतिक नियोग, गैर सरकारी संघ संस्था र अन्तर्राष्ट्रिय समुदाय समेतलाई यो अवसरमा उहाँहरुको योगदानको उच्च कदर गर्दै अन्तस्करण देखी नमन का साथै कृतज्ञता व्यक्त गर्न चाहन्छु ।

संघात्मक शासन व्यवस्था सहितको राज्यको पुनर्संरचना पश्चात संविधानतः गठित स्थानीय सरकारले दोस्रो कार्यकालको पहिलो वर्ष व्यतित गरिसकेको छ । नेपालको संविधानको अनुसूची-८ मा उल्लेखित स्थानीय तहको एकल अधिकारको सूची र अनुसूची-९ मा उल्लिखित संघ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची भित्र रहेर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि संविधानको मर्म र भावना अनूरूप नेपाली जनताको दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाँक्षालाई पूरा गर्न सुनिलस्मृति गाउँपालिकाले आफ्नो राजनीतिक, आर्थिक, न्यायिक र प्रशासनिक कार्यहरु प्रभावकारी तवरले सञ्चालन गर्दै आइरहेको छ ।

आम नागरिकको संलग्नतामा नागरिकको माग र आवाजलाई संवोधन गर्दै जनताको बृहत्तर हित र कल्याणकारी व्यवस्था मार्फत शासकीय सन्तुष्टि प्रदान गर्नु, जनताका साना देखी ठुला समस्याहरुको हल खोज्नु, स्थानीय नेत्रृत्वको विकास गर्दै सामाजिक साँस्कृतिक रुपान्तरणमा टेवा पुर्याउनु, स्थानीय रुपमा उपलब्ध स्रोत साधनको अधिकाधिक परिचालन गर्दै रोजगारी सिर्जना गर्ने र आम नागरिकको जिविकोपार्जनमा अपेक्षित सुधार ल्याउने गरी स्थानीय सरकारले काम गर्नु पर्ने शासकीय जिम्मेवारीरहेको छ । उक्त शासकीय जिम्मेवारीलाई मिहिन ढङ्गले बुझेको निर्वाचित जनप्रतिनिधिको टीमले सहकार्य, समन्वय र सहअस्तित्वको सिद्धान्तलाई आत्मसाथ गर्दै संघीय सरकार, प्रदेश सरकार संगको समन्वय, सहयोग, साँझेदारी र सहकार्यमा उपलब्ध प्रशासनिक संयन्त्रको कुशलतम परिचालन गर्दै जनहितलाई केन्द्रविन्दुमा राखेर काम गरिरहेको व्यहोरा यस सम्मानित सभा मार्फत आम सुनिलस्मृति वासि नागरिक लाई अवगत गराउन चाहान्छु । यस बीचमा आर्थिक सामाजिक विकासको क्षेत्रमा जनताले महसुस गर्न सक्ने गरी विकासका प्रयासहरु नभएका होइनन् । स्थानीय सरकारले सांगठनिक सक्षमता हाँसिल

नगरिसकेको, कानूनी तथा सस्थागत संयन्त्रको कमि, वित्तीय श्रोतको न्यून उपलव्धता, महत्वकांक्षी आकांक्षा लगायतका अवस्था र कारणले जनअपेक्षा अनुकूल कामहरु हुन नसकेको विगतको परिस्थिति हो । वर्तमान सन्दर्भमा स्थानीय तहको संस्थागत सवलीकरण तथा सुदृढीकरणमा सकारात्मकता देखिएको, स्रोत परिचालनमा सक्षमता हाँसिल भएको, आवश्यक कानूनहरुको पर्याप्तता, अनुभवी र व्यावसायिक कर्मचारी संयन्त्र, कुशल नेतृत्व र असल सोच सहितको प्रतिवद्ध र उर्जाशील जनप्रतिनिधिको समूह, जनचेतनामा आएको अभिवृद्धिका साथै दुर्ततर सूचना प्रविधिको विकास र यसको प्रयोगले गर्दा अवका दिनहरुमा जनताको ईच्छा र चाहना हरुलाई पूरा गर्न सुनिलस्मृति गाउँपालिका सक्षम रहेको प्रतिवद्धता समेत व्यक्त गर्न चाहान्छु ।

स्थानीय तहलाई संविधानतः राजनीतिक, आर्थिक र प्रशासनीक अधिकार निक्षेपण गरिएको अवस्थामा निर्वाचन पश्चात गठित राजनीतिक संरचनाले प्राप्त राजनीतिक अधिकारको निर्वाध प्रयोग र अभ्यास गरिरहेको भएतापनि वित्तीय संघीयता र प्रशासनीक संघियताको पाटो भने पेचिलो वन्दै गएको छ । स्थानीय तहहरु आर्थिक रुपमा आत्म निर्भर नहुनु, राजस्वको अधिकार र खर्च जिम्मेवारीमा रहेको ठुलो अन्तर पूरा गर्न प्राप्त हुने अन्तरसरकारी वित्तीय सहायताको सुनिश्चतता नहुनु, कर्मचारी समायोजन भएतापनि संघिय निजामती सेवा ऐन नवन्दा स्थानीय सेवा सञ्चालन सम्वन्धी ऐन वन्न नसकेको जसवाट राज्य सञ्चालनको मियो संयन्त्रको रुपमा रहेको कर्मचारी प्रशासन सञ्चालनमा लचकता नदेखिएको, पूर्ण क्षमतामा कर्मचारीहरुको उपलव्धता र परिचालन नहुनु आदि जस्ता कारणवाट सवै स्थानीय तहलाई केहि चुनौतिपूर्ण अवस्थाको सामना गर्नु परेको व्यहोरा जगजाहेरै छ ।

**सभा सदस्यज्यूहरु,**

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, विभिन्न विषयगत ऐन नियमहरु, नेपालको पन्ध्रौ योजना, दिगो विकासको लक्ष्यहरु,लुम्विनी प्रदेशको प्रथम आवधिक योजना, संघीय सरकार तथा प्रदेश सरकारबाट विभिन्न मितिमा जारी गरिएका नीति, मार्गदर्शन तथा सुझाव,स्थानीय तहको योजना तर्जुमा दीघदर्शन, २०७८, सुनिलस्मृति गाउँपालिकाको पहिलो पञ्चवर्षिय आवधिक योजना,यस गाउँपालिकाबाट जारी भएका विभिन्न ऐन, नियमावली, कार्यविधि, निर्देशिका, आचारसंहिताको परिधिभित्र रही राजश्व परामर्श समिति, श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिको बैठकको निर्णय, गाउँ कार्यपालिकाका विभिन्न मितिमा भएका निर्णय, आम नागरिक, बुद्धिजिवि र सरोकारवालाहरुबाट प्राप्त सुझाव, जनताका आवश्यकता, हाम्रो राजनीतिक प्रतिवद्धता समेतलाई ध्यानमा दिइ योजनावद्ध विकासको अवधारणा अनुसार आगामी आ.व. का साथै दीर्घकालिन लक्ष्य सहितको सुनिलस्मृति गाउँपालिकाको सोच तथा नीति पत्रको रुपमा यो नीति तथा कार्यक्रम निर्माण गरिएको छ ।

सभा सदस्यज्यूहरु,

**अव म आ.ब. २०७९/०८० मा घोषित नीति तथा कार्यक्रमहरुको समिक्षा प्रस्तुत गर्न चाहान्छु ।**

१. राज्यको अनिवार्य दायित्व र नागरिकको संवैधानिक अधिकारको रुपमा रहेको सामाजिक संरक्षण र सुरक्षाको कार्यक्रमलाई प्रभावकारी वनाउदै मुद्राको सहि मूल्य (Value For Money) कायम हुने गरी संरक्षित वर्गले सामाजिक सुरक्षा वापतको रकम बुझ्न खर्चिनु पर्ने समय, रकम र पाउनु पर्ने शास्ती निवारण गर्ने हाम्रो प्रतिवद्धता अनुरुप वैक संगको सहकार्यमा बस्ति स्तरवाटै सामाजिक सुरक्षा

वापतको भत्ता वितरण गर्न सफल भएका छौ । यो कार्यलाई अझै सरल, भरपर्दो र दिगो वनाउदै लगिनेछ ।

२. लामो समय देखी निर्माण सूचारू हुन नसकेको प्रशासकीय भवनको निर्माण कार्य सूचारु भई करिव ३० प्रतिशत भौतिक तथा वित्तीय प्रगति भई सकेको छ । अन्य वहुवर्षिय योजनाको रुपमा सञ्चालन भएका विद्यालय भवन निर्माण गर्ने कार्य, मोटरेवल पुल निर्माण गर्ने कार्य, स्वास्थ्य चौकि भवन निर्माण कार्यहरु अन्तिम चरणमा पुगेका र चालु आ.व.मा उक्त योजनाहरुको फरफारक हुने गरी कार्य प्रगति हाँसिल भएको छ ।

३. खुला, पारदर्शी र जनउत्तरदायी शासन व्यवस्था कायम गर्न जनताको गुनासो सुनुवाई सम्वन्धी विद्युतीय प्रणालीको विकास भइ सञ्चालनमा आएको छ । जसवाट आम नागरिक र सरोकारवालाहरुले घरमै वसि गाउँपालिकालाई आफ्नो चाँसो, गुनासो र सुझाव पेश गर्न सक्नुहुनेछ । गाउँपालिका बासी सवैमा इन्टरनेटको पहुँच पुर्याउने उद्देश्यले सवै वडामा गुणस्तरीय फाइवर इन्टरनेट पुर्याउने कार्य सम्पन्न भएको छ । यसलाई निरन्तर र किफायति गराउन आवश्यक व्यवस्था गरिनेछ ।

४. गाउँपालिकावाट प्रवाहहुने सेवा सुविधालाई सरल, मितव्ययी र प्रभावकारी वनाउने, कर्मचारीहरुमा उत्प्रेरणा सहितको व्यावसायिकता हाँसिल गराउन कार्यविवरण सहितको कार्य सम्पादन करार गर्ने कार्य पहिलो पटक सम्पन्न भएको छ । जस अन्तर्गत प्रमुख प्रशासकीय अधिकृतले अध्यक्षसंग, विषयगत विभाग र शाखा प्रमुखहरुले प्रमुख प्रशासकीय अधिकृत संग र अन्य सहायक कर्मचारीहरुले शाखा प्रमुख हरुसंग कार्यसम्पादन करार संझौता गर्ने कार्य गरिएको छ । सवै कर्मचारीहरुले आफ्नो शाखावाट सम्पादन गर्नु पर्ने वार्षिक कार्यहरुको समयसीमा सहितको कार्ययोजना वनाइ काम गरेकोले धेरै योजना तथा कार्यक्रमहरु लक्षित लागत, समय, परिमाण र गुणस्तरमा सम्पन्न भएका छन् । यसवाट विकास प्रशासनमा नतिजामूलकता देखिएको छ ।

५. सामुदायिक विद्यालयको सिकाई उपलव्धिमा अभिवृद्धि ल्याउन प्रधानाध्यापकलाई थप जिम्मेवारी वनाउन गाउँपालिकासंग कार्यसम्पादन करार गर्ने कार्य सम्पन्न भएको छ । शिक्षा क्षेत्रको सुधार गर्ने हाम्रो अभियान, शिक्षकहरुको सकारात्मक प्रयास, अभिभावकको सहयोगमा सामुदायिक विद्यालयको विगतको निराशाजनक नतिजाको अवस्थावाट केहि सकारात्मक नतिजा ल्याउन सफल भएका छौ । यद्यपी उत्साहजनक अवस्था भने रहेको छैन । सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृदिका लागि स्थानीय गाउँ शिक्षा समितिलाई सक्रिय तुल्याइएको छ । विद्यालयको नियमित अनुगमन गरी आवश्यक सुझाव प्रदान गर्न छुट्टै अनुगमन समितिको व्यवस्था गरिएकोछ ।

६. करारमा कार्यरत एकै तहका कर्मचारीहरु वीच तलवमा रहेको असमानता हटाइ एकरुपता कायम गर्न तलव समायोजन गरिएको छ । गाउँपालिकाको संगठन विकास प्रतिवेदन अनुसार कायम गरिएको अस्थाइ पदमा पदपूर्ति हुन वाँकी ८ वटा पद संख्यामा खुला प्रतिष्पर्धाको माध्यमवाट पदपूर्ती गरीएको छ । जसवाट वडा कार्यालयवाट प्रवाह हुने सेवामा सिघ्रता र सरलाता आएको छ ।

७. गाउँपालिकाको आफ्नै नगर प्रहरी सेवा इकाइ गठन गरिएको छ । एक जना नगर प्रहरी सहायक

निरीक्षक नेतृत्वमा अन्य चार जना जवानहरुको नियुक्ति गरिएको छ । उप्रान्त नगर प्रहरीको परिचालनवाट बजार व्यवस्थापन, फोहोर मैला व्यवस्थापन, ट्राफिक व्यवस्थापन, गाउँपालिकाको निर्णय कार्यान्वयन गर्ने जस्ता विषयमा वाञ्छित नतिजा हाँसिल हुने कुरामा विस्वस्त हुन सकिन्छ ।

८. वि.सं. २०८१ असार मसान्त भित्र बालमैत्री स्थानीय तह घोषणा गर्ने लक्ष्य अनुरुप कार्यशर्त अनुसार वालविवाह न्युनिकरण, बालश्रम निवारण, वालवालिका सम्वन्धी खण्डिकृत तथ्यांक संकलन गर्ने सम्वन्धी कार्यक्रमहरु सञ्चालन भएका छन् ।

९. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको क्षेत्रमा अधिक कार्यहरु भएका छन् । महिला तथा किशोरीहरूको सीप विकासतथा स्वरोजगारका लागि १६ जना महिलाहरुलाई क्रिष्टल गहना बनाउने स्तरोन्नति तालिम दिइएको छ । क्षमता विकास अन्तर्गत ४१ जना महिला जनप्रतिनिधि तथा कर्मचारीहरूलाई लैससास तथा अन्य प्रचलित महत्वपूर्ण कानुन सम्वन्धी अभिमुखीकरण गरिएको छ । ३० जना किशोरीहरूलाई किशोरी आत्मरक्षा तालिम प्रदान गरिएको छ । लैङ्गिक हिंसा निवारण कोषको व्यवस्थापन तथा परिचालन, अपाङ्गता सचेतना सम्वन्धी कार्यक्रम तथा अपाङ्गता भएका व्यक्तिहरुलाई सहायक सामग्री वितरण गरिएको छ । वडा नं २ खुङ्ग्रीमा ज्येष्ठ नागरिक मिलन केन्द्र स्थापनागरिएको छ भने अन्तर्पुस्ता अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ । छुवाछुत तथा भेदभाव न्यूनीकरणका लागि अन्तरजातीय अन्तर्क्रिया कार्यक्रम सम्पन्न गरिएको छ । लैङ्गिक हिंसा नियन्त्रण तथा व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत भएको छ भने अल्पकालीन सेवा केन्द्र तथा सुरक्षित आवास गृह सञ्चालन निर्देशिका, २०८० तयार भई कार्यपालिकामा पेश गरिएको छ ।

१०. न्यायिक समितिको गतिविधिमा उल्लेखनीय सुधार गरिएको छ । गाउँपालिका भित्रका २८ जनालाई मेलमिलापकर्ताहरु तालिमको व्यवस्था गरी मेलमिलाप कर्ताको सूचिकरण गर्ने कार्य सम्पन्न भएको छ भने सवै वडाहरुमा मेलमिलाप केन्द्र गठन प्रकृया अगाडि बढाइएको छ । न्यायिक समितिवाट हुने न्याय निरुपणको कार्यलाई व्यवस्थित वनाउन आवश्यक कानूनी कितावहरुको संग्रह गर्ने, उजुरी दर्ता प्रक्रियालाई व्यवस्थित गर्न विभिन्न टेम्पलेट हरुको छपाइ गरिएको र न्यायिक समितिको अभिलेखलाई आधुनिक तवरले अभिलेखीकरण गर्ने कार्य भएको छ ।

११. नीतिगत प्रतिवद्धता अनुरूपनै चौमासिक तथा बार्षिक सार्वजनिक सुनुवाई सम्पन्न गरिएको छ । सार्वजनिक सुनुवाईमा उठेका सवालहरुलाई समयमै संवोधन गरिएको छ । नागरिक सहायताका लागि हेल्प डेस्कको व्यवस्था गरिएको छ ।

१२. सवै वडाम पूर्ण खोप सुनिश्चितता र दिगोपना घोषणा गर्ने कार्य सम्पन्न भएका छन ।

१३. जनताको सहजताको लागि विभिन्न ४ स्थानमा पशु स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । जनस्वास्थ्य निग्रानी गर्न स्वास्थ्य शिविर सञ्चालन गरिएको छ । सवै वडामा गर्भवति महिलाहरुको गर्भजाँच गर्न अल्ट्रासाउण्ड गर्ने कार्य समेत सम्पन्न भएको छ ।

१४. एक घर एक करेसा वारीको नीति अनुसार सिजन अनुसारको तरकारीको विउ विजन वितरण गर्ने कार्य सम्पन्न भएको छ । कृषि उत्पादनमा उत्कृष्टता हाँसिल गर्ने कृषकहरुलाई पुरस्कित गर्ने कार्य

गरिएको छ । माहुरी पालन सम्वन्धी, च्याउ खेती सम्वन्धी कृषि तालिम सम्पन्न भएका छन् । भने उद्यमशीलता तर्फ तिन महिने सिलाई कटाइ तालिम सम्पन्न भएका छन् ।

१५. रोजगारीको क्षेत्रमा हर्ष वर्धक कदम हरु चालिएका छन् । प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १०० दिनको न्युनतम रोजागारी प्रदान गर्ने कार्य सम्पन्न भएको छ । सहभागितामूलक विकास प्रणालि अनुरुप समुदायको विकासमा लाभग्राही वा उपभोक्ता समितिलाई परिचालन गर्ने दायरा बढाइएको छ । धेरै भन्दा धेरै योजनाहरु लाभग्राही समुदायवाट सम्पन्न भएका छन् । जसवाट मौसमी रोजगारीको सिर्जना भएको छ, पूजिको स्थानीय स्तरमै परिचालन हुँदा आम नागरिकको जिविकोपार्जनमा सुधार भएको साथै विकासको दिगोपना र नागरिकको अपनत्वमा समेत सकारात्मकता देखिएको छ ।

**सभा सदस्यज्यूहरु**

**अब म यस गरिमामय गाउँ सभा समक्ष गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।**

गाउँपालिकाले अंगिकार गरेको " जनआकांक्षा पूरा गर्ने हाम्रो संकल्पः दिगो विकास र सुशासन मात्र विकल्प" भन्ने मूल नीतिलाई पूरा गर्न देहायका क्षेत्रगत नीति तथा कार्यक्रम अख्तियार गर्नेछ ।

नीति र योजनामा आधारित वजेट प्रणालीको विकास गर्न आवधिक योजनाले परिलक्षित गरे अनुरुप प्राथमिकता प्राप्त योजना तथा कार्यक्रम छनौट गरी बजेट विनियोजन गरिनेछ । बजेट तर्जुमालाई मध्यकालिन खर्च संरचना संग आवद्ध गर्दै लैङ्गिक उत्तरदायी बजेट प्रणालीलाई मुख्य शर्तको रुपमा अनुशरण गरिनेछ । आयोजना बैंक बनाइ कार्यान्वयनमा ल्याइ घोषित नीति तथा कार्यक्रमलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

**आर्थिक विकासतर्फः**

**१. कृषि सेवा**

दिगो आर्थिक विकासको मुख्य संवाहकको रुपमा रहेको कृषि क्षेत्रको व्यावसायीकरण,विविधिकरण, उद्यमिकरणर यान्त्रीकरण गर्दै स्थानीय अर्थतन्त्रलाई मजवुत र आत्मनिर्भर बनाउने तथा गाउँपालिकाका नागरिकको जिवनस्तरमा वाञ्छित परिवर्तन ल्याउने दिर्घकालीन लक्ष्य सहित संगठित प्रयास गरिनेछ । सोको लागि

- स्वच्छ पर्यावरणः स्वास्थ्य जिवन भन्नेनारासहित एक घर एक करेसा वारिको कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सिचाइ सुविधाको प्रवन्ध सहित उन्नत र गुणस्तरीय तरकारीको विउ वितरण गर्ने कार्यलाई वृहत गराइनेछ ।
- किसानहरुमा कृषि सम्वन्धी प्राविधिक तथा व्यवहारिक सीपको विकास गर्दै घरघरमा कृषि प्राविधिक उत्पादन उत्पादन गर्दै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न टोलटोलमा कृषि ज्ञान सञ्चार कार्यक्रम लागु गरिनेछ ।
- प्रत्येक वडामा विशिष्ठिकृत नमूना पकेट क्षेत्र विकास गर्ने गरी सामूहिक करार कृषि पद्धिति मार्फत खुङ्ग्रिहरिगाउँ र हिलेमा कफि खेति र माहुरी पालन, मीझिङ, काभ्रा र घोडागाउँमा

तरकारी खेती, गजुल र तेवाङमा सुन्तला खेती, अरेश, बाउबाङ, कोइरालखर्क र चिन्नेमा अदुवा खेतीको व्यावसायिक उत्पादन गर्न अनुदान उपलव्ध गराउने व्यवस्था गरिनेछ ।

- कृषिमा जोखिम न्यूनीकरणका लागि निश्चित पूजी सम्मको व्यावसायिक कृषि गर्नेको हकमा कृषि विमा कार्यक्रम लागु गरिनेछ
- शीत भण्डार र खाद्यान्न भण्डारको निर्माण कार्य यसै आगामी वर्षमै सुरुवात गरी त्यसलाई पूर्ण क्षमतामा परिचालन गर्ने गरी आवश्यक व्यवस्था गरिनेछ ।
- कृषिमा प्रदान गरिने अनुदान कार्यलाई परिणाम र प्रभावको आधारमा मूल्यांकन गरी वास्तविक लक्षित वर्गमैत्री वनाउदै लगिनेछ । अनुदानको सहि सदुपयोगको सुनिश्चितता हुने क्षेत्रमा अनुदान प्रदान गरिनेछ । सहकारी र सामूहिक कृषि पद्धतिलाई प्रवर्धन गर्न सहकारी र समूह लक्षित वित्तीय उत्प्रेरणा प्रदान गर्ने कार्यक्रम लागु गरिनेछ ।
- कृषकलाई नियमित तालिम प्रदान गर्ने व्यवस्थाका लागि स्थानीय स्तरमा कृषि पाठशाला संयन्त्र विकास गरिनेछ ।
- पूर्णकालिन व्यावसायिक कृषकहरुलाई कृषक परिचयपत्र प्रदान गरी त्यस्ता कृषकलाई सहुलियत प्रदान गरिने ।
- उत्कृष्ट उद्यमी कृषकलाई सम्मानित गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पुष्प व्यावसाय पकेट क्षेत्र सञ्चालन गरी पुष्प व्यावसायको प्रवर्द्धन गरिनेछ ।
- किसान सूचिकरण कार्यक्रमलाई व्यवस्थित गरी किसान परिचय पत्र प्रदान गरिनेछ ।
- मकै, मास, आलु, लसुन ,ब्याज, अदुवा, बेसारमिसन कार्यक्रम संचालन गर्ने ।
- रैथाने प्रजाती र बालीको प्रबर्द्धन कार्यक्रम संचालन गर्ने ।
- एक घर एक करेसावारी, एक घर बोट,एक घर एक घार कार्यक्रम संचालन गर्ने ।
- बेरोजगार युवालाई कृषिमा आधारित उद्योग खोल्नमा प्रोत्साहन गरिनेछ ।
- एक वडा एक कृषि तथा पशुपन्छी प्राविधिक जनशक्ती व्यवस्थापन गरिनेछ ।

## २. पशु सेवा

व्यावसायिक पशुपालन मार्फत किसानको आयस्तरमा वृद्धि ल्याउनुका साथै पोषणस्तरमा सुधार ल्याउन पशु पालन व्यावसायलाई प्राथमिकता दिइनेछ । सोका लागि

- कृत्रिम तथा प्राकृतिक गर्भाधान सेवा विस्तार गरी उन्नत नश्लका पशुहरुको संख्यामा वृद्धि गरिने
- प्रत्येक वडामा भेटेरीनरी अस्पताल निर्माण प्रक्रिया अघि बढाँइने
- दुध, अण्डा र मासु उत्पादनमा आधारित प्रोत्साहन अनुदान कार्यक्रम लागु गरिनेछ ।
- निश्चित पूजी सम्मको व्यावसायिक पशुपालन गरेका किसान लक्षित पशु विमा कार्यक्रमलाई प्रभावकारी बनाइ जोखिम न्यूनीकरण गरिनेछ ।
- माछा पोखरी निर्माण सुधार तथा उत्पादन वृद्धिका लागि अनुदान कार्यक्रम सञ्चालन गरिनेछ ।

- स्वच्छ माछाको उपभोगवाट उपलव्ध हुने खाद्य विविधीकरण र यसवाट प्राप्त हुने पौष्टिकतावारे प्रचार प्रसार गरिनेछ ।
- पशु चौपायमा देखिने महामारीजन्य रोग नियन्त्रणका लागि आवश्यक सतर्कता सहित पूर्वतायरी गरिनेछ । नियमित रुपमा पशुसिविर सञ्चालन गरी गाउँघरमा पशुमा देखिने रोग नियन्त्रण गरिनेछ ।
- संभाव्यताको आधारमा गैसस संगको सहकार्यमा जडिवुटीको अभिलेखाङ्कन, भण्डारण र प्रमाणीकरणको व्यवस्था गरिनेछ ।

## ३. सहकारी

छरिएर रहेको सुक्ष्म पूजीलाई एकीकृत गरी उद्यमशीलता, स्वोरोजगार र सामाजिक परिचालन गर्ने विषयमा सहकारी क्षेत्रको उल्लेखनीय योगदान रहेकोले सहकारी क्षेत्रको सवलीकरण, सुदृढीकरण र नियमन गर्ने कार्यलाई प्रभावकारी वनाइनेछ ।

- कम्तिमा ५ जनाभन्दा बढीलाई रोजगारी उपलव्ध गराउने गरी व्यवसाय सञ्चालन गर्ने सहकारी वा त्यसरी व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गर्ने सहकारी संस्था एवम् व्यवसाय सञ्चालन गर्ने व्यक्तिलाई विशेष सहुलियत उपलव्ध गराईनेछ ।
- वित्तीय साक्षरता र ज्ञान वृद्धिका लागि वित्तीय संस्था तथा सहकारीहरुलाई आधारभूत तथा विशेष तालिम कार्यक्रम प्रत्येक वर्ष प्रदान गरिनेछ ।
- वित्तीय सामाजिक उत्तरदायित्व उत्कृष्टरुपमा निर्वाह गर्ने सहकारीलाई छनौट गरी पुरस्कृत गरिनेछ ।

## ४. सिंचाई

कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व संग प्रतक्ष्य सम्वन्ध रहेको सिचाइ प्रणालीलाई दिगो र भरपर्दो बनाइनेछ । मुहानको दिगोपनालाई ध्यानमा राखी कुलो सिचाइका साथै लिफ्ट सिचाइ योजना सञ्चालन गरिनेछ ।

आगामी ३ वर्षभित्र सिचाइको संभावना भएका सवै खेतियोग्य भूमिमा सिचाइ सुविधाको प्रवन्ध हुने गरी कार्यको थालनि गरिनेछ ।

## ५. जलाधार संरक्षण

पर्यावरण र वातावरण संरक्षणको साथै स्वच्छ खानेपानिको आपूर्ति र सिचाइको लागि जलाधार क्षेत्रको पहिचान गरी जलाधार क्षेत्र संरक्षणका लागि तटवन्द लगाउने, घेरावार लगाउने, मुहानको संरक्षण गर्न आवश्यक अन्य भौतिक संरचना निर्माण गर्ने, वृक्षारोपण गर्ने जस्ता कार्यहरु गरिनेछ । जलाधार संरक्षणको कार्यलाई समुदाय स्तरवाटै व्यवस्थापन गर्न जल उपभोक्ता समिति गठन र दर्ता गर्ने कार्यलाई तिव्रता दिइनेछ ।

## ६. पर्यटन

गाउँपालिकालाई आन्तरिक पर्यटनको आकृषक गन्तव्यको रुपमा परिचित गराई सोवाट आर्थिक लाभ प्राप्त गर्न पर्यटन विकासलाई विशेष प्राथमिकता दिइनेछ । सोका लागि

- गाउँपालिकामा रहेका धार्मिक, सांस्कृतिक, मौलिक, ऐतिहासिक, प्राकृतिक र प्राचिन महत्वका गन्तव्यहरुको पहिचान गरी प्रचार प्रासर गर्ने र छुट्टै स्मारीका प्रकासन गर्ने कार्य आगामी वर्षमानै गरिनेछ ।
- खुङ्ग्रिमा चालु आ.व.मा निर्माणहुने कोसेली घरलाई थप व्यवस्थित वनाइ घरेलु तथा औद्योगिक उत्पादनको संकलन गरि विक्रि वितरण गर्ने रोल्पा जिल्लाकै मुख्य केन्द्रको रुपमा विकास गरिनेछ ।
- घोडागाउँमा इको भिलेज र होमस्टे सञ्चालनका लागि आवश्यक प्रवन्ध गरिनेछ ।
- लिस्नेमा हिलस्टेशन निर्माण गरी सञ्चालनमा ल्याउने कार्यको थालनी गरिनेछ ।
- तेवाङको राज्यपोखरीलाई वृहत आकर्षक पर्यटकीय गन्तव्यको रुपमा परिणत गर्न डि.पि. आर. अनुसारको कार्य सम्पन्न गर्ने आवश्यक वजेट विनियोजन गर्दै लगिनेछ ।
- गजुलकोट दरवारको ऐतिहासिकता र पुरातत्वको महत्वलाई उजागर गर्न पुरातत्व विभाग संगको समन्वयमा गाउँपालिकाले गौरवको आयोजनाको रुपमा सञ्चालन गरिनेछ ।

## ७. रोजगारी

- सूचिकृत बेरोजगारहरुबाट छनौटमा परेका बेरोजगार व्यक्तिहरुलाई अभीमूखीकरण तालिम मार्फत क्षमता वृद्धि गरिनेछ ।
- पुनःएकीकरण कार्यक्रम मार्फत वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको क्षमता विकास तथा अभिवृद्धिका लागि उद्यमशील तथा सीपमुलक तालिम संचालन गरिनेछ ।
- वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुका लागि श्रम स्वीकृति लिने सम्बन्धमा सहजिकरण गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमका योजनालाई दिगो र स्थायीत्व बनाउन स्थानिय तहसँग लागत साझेदारी गरिइनेछ ।
- बेरोजगारीहरुको समस्यालाई केहि हदसम्म समाधान गर्न स्थानिय तहबाट संचालन हुने आयोजनाहरुमा हेविईक्क्यूपमेन्ट प्रयोग हुने ठाउँमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई काममा लगाइनेछ ।

# सामाजिक क्षेत्र

## १. स्वास्थ्य

जनताको आधारभूत स्वास्थ्य सेवा सुविधामा पहूच पुर्याउन देहायको नीति तथा कार्यक्रम सञ्चालन गरिनेछ ।

- सवै स्वास्थ्य संस्थाहरुमा प्रयोगशालाको व्यवस्था गरी मधुमेह र रक्तचापको निःशुल्क जाँचको व्यवस्था गरिनेछ ।
- सवै वर्थिङ सेन्टरहरुको पूर्वाधार र गुणस्तरमा सुधार ल्याइने छ ।
- सवै सामुदायिक विद्यालयमा मासिक रुपमा सवै वालवालिकाको स्वास्थ्य परीक्षण गरी जनस्वास्थ्य निग्रानी गर्न उपलव्ध स्वास्थ्य सहायक कर्मचारी परिचालन गरिनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्रवाट प्रवाह हुने स्वास्थ्य सेवालाई चुस्त र प्रभावकारी वनाउन लुङ्ग्रि गाउँपालिका र सुनछहारी गाउँपालिका संग समन्वय र साँझेदारी गरी आवश्यक उपकरण खरिद गरिने व्यवस्था गरिनेछ ।
- आधुनिक जिवन शैली संगै मानिसमा देखा पर्ने मोटोपना, मनोसामाजिक समस्या लगायतका समस्यालाई योग र ध्यानको माध्यमवाट प्रभावकारी रुपमा न्यूनीकरण गर्न संभवन भएकोले आउदो वर्ष देखिनै प्रत्येक वर्ष योग तथा ध्यान अभ्यास सम्वन्धी शिविर सञ्चालन गरिनेछ ।
- विपन्न आय भएका विपन्न परिवारका सुनौलो हजार दिनका आमा तथा बालबालिकाहरुलाई पोषणयुक्त खानाको पहुँच बढाइनेछ ।
- आयुर्वेद उपचार पद्धतिको प्रभावकारीता अभिवृद्धि गर्न छिर्ने आयुर्वेद अस्पतालको क्षमतालाई थप विस्तार गरिनेछ ।
- १५ सैयाको अस्पताल निर्माण गर्ने सन्दर्भमा छिटै जग्गा प्राप्तिको विषयलाई अन्तिम टुङ्गोलगाई ठेक्का प्रक्रिया सुरु गरिनेछ ।
- बस्तिस्तरमा स्वास्थ्य शिविर सञ्चालन गर्ने कार्यलाई निरन्तर र विस्तार गरिनेछ ।
- संस्थागत सुत्केरी लाई प्रवर्द्धन गर्दै शुन्य होम डेलिभरी कायम गर्न सुत्केरीलाई यातायात वापत गाउँपालिकाको तर्फवाट एक हजार प्रोत्साहन रकम उपलव्ध गराउने व्यवस्था गरिनेछ ।
- किशोरी अवस्थामा हुने गर्भधारण र असुरक्षित यौन सम्वन्ध जस्ता क्रियाकलापमा कमि ल्याउन यौन शिक्षा र प्रजनन स्वास्थ्य शिक्षालाई विद्यालय र समुदाय स्तरमा विस्तार गरिनेछ सोको निमित्त किशोरी सञ्जाल समुहलाई परिचालन गरिनेछ ।
- सामुदायिक महिला स्वास्थ्य स्वयंसेविकालाई प्रात्साहन गर्ने कार्यक्रम ल्याइनेछ । सोको लागि आवश्यक वित्तीय उत्प्रेरणका साथै अवलोकन भ्रमणको व्यवस्था गरिनेछ ।
- उपाध्यक्षसंग गर्भवती जाँच कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पूर्ण खोप सुनिश्चितता र दिगोपनाका लागि निरन्तर प्रयास गरिनेछ ।
- नेपाल सरकारको नीति अनुरुप स्वास्थ्य संस्था मार्फत निःशुल्क प्राप्त हुने सवै प्रकारको औषधिको प्राप्तिको सुनिश्चतताको लागि कदम चालिनेछ । प्राथमिक स्वास्थ्य केन्द्र सुलिचौरमा अस्पताल भित्र आफ्नै औषधि पसल सञ्चालनमा ल्याइनेछ ।
- सम्पूर्ण स्वास्थय संस्था मार्फत निःशुल्क औषधी वितरण गरिनेछ ।
- आउदो आ.व.मा कम्तिमा २ वटा वडामा शुन्य होम डेलिभरि वडा घोषणा गर्ने गरि तयारी गरिनेछ ।

- गाउँघर क्लिनिक तथा बाह्य खोप क्लिनिक भवन निर्माण क्रमश गरिनेछ ।
- स्थानीय तह तथा वडामा पोषण डेस्कको स्थापना गरिनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रमसँग सम्बन्धी क्रियाकलापहरुको नियमित अनुगमन गरिनेछ ।
- सुनौला हजार दिनका महिला तथा घर परिवारलाई लक्षित गरि आय आर्जनका कार्यक्रम सन्चालन गरिनेछ ।
- बालबिकास केन्द्र तथा विद्यालयमा WASH कर्नरको व्यवस्था गरिनेछ ।
- घरायसी स्तरमा सुरक्षित खानेपानी साथै खानेपानी सुद्धिकरण विधिको बारेमा सचेतना अविवृद्धि गरिनेछ ।
- विभिन्न खाद्य वस्तुमा पाइने पोषकतत्वको वितरण भएको तालिका (Food Composition Table) प्रकाशन गरि किशोरी तथा सुनौला हजार दिनको परिवार लक्षित गरि वितरण गरिनेछ ।

## २. शिक्षा, युवा तथा खेलकुद

विकासको सुत्राधारः शिक्षानै मूल आधार भन्ने नाराका साथ आगामि आर्थिक वर्ष देखी शिक्षा क्षेत्रको विकासका लागि अभियानात्मक कार्यक्रम सञ्चालन गरिनेछ । जसका लागि निम्न नीति तथा कार्यक्रमहरु सहयोगि हुनेछन् ।

- विद्यालय वाहिर रहेका अति विपन्न र सीमान्तकृत वर्गको पहिचान गरी विद्यालयमा ल्याउन र टिकाउन सवै किसिमको प्रयास गरिनेछ ।
- अल्पसंख्यक, विपन्न, न्यून आय भएका, दलित, सीमान्तकृत, पिछडावर्ग, अनाथ, अपाङ्गता भएका व्यक्ति र एकल महिला भएका परिवारका सदस्यलाई माध्यामिक र उच्च शिक्षाको सुनिश्चित गर्नकालागि छात्रवृत्ति प्रदान गर्न “”मेहनत तपाइको जिम्मेवारी हाम्रो” नारा सहित कार्यक्रम सञ्चालन गर्न एक कोषको स्थापना गरिनेछ ।
- गाउँपालिकामा स्थापित वाल विकास केन्द्र मध्ये कुनै एक वालविकास केन्द्रको छनौट गरी नमूना वालविकास केन्द्रको रुपमा विकास गरिनेछ ।
- शिक्षाको जोखिम न्यूनीकरण र शिक्षा सम्वन्धी विपद् व्यवस्थापन योजना बनाई लागु गरिनेछ ।
- शिक्षण सिकाइ क्रियाकलापलाई आधुनिक र प्रविधिमैत्री वनाउदै लगिनेछ ।
- एक वडा एक माध्यामिक विद्यालयको नीति कार्यान्वन गरिनेछ ।
- स्थानीय पाठ्यक्रम तर्जुमा गरी यसै शैक्षिक सत्र देखि लागु गरिनेछ ।
- विषयगत शिक्षक र वालविकास शिक्षकको क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिनेछ ।
- पाँच वर्षभित्र सवै सामुदायिक विद्यालय भवनका जस्तापाता विस्थापन गरी RCC युक्त भवनमा परिणत गरिनेछ ।
- सामुदायिक विद्यालयका सवै शौचालयलाई आधुनिक, अपाङ्ग तथा वालमैत्री वनाउने अभियान सुरु गरिनेछ ।

- सामुदायिक विद्यालयको शैक्षिक उपलव्धी लगायतको बहुआयामिक उन्नयनको लागि अनुगमन प्रणालीलाई नियमित, व्यवस्थित र परिणाममूखी गराइनेछ । अनुगमनको प्रतिवेदनका आधारमा शिक्षकहरुलाई पुरस्कार र दण्ड प्रणालिको व्यवस्था गरिनेछ ।
- सामुदायिक विद्यालयको शैक्षिक स्तरमा अभिवृद्धि ल्याउन तथा शिक्षण सिकाइ क्रियाकलापमा सहजिकरण ल्याउन एक विज्ञ समूह गठन गरिनेछ ।
- सामुदायिक विद्यालयका सवै प्र.अ.हरुको प्रशासनिक र व्यवस्थापकीय क्षमता अभिवृद्ध गर्न विशेष तालिमका साथै अवलोकन भ्रमणको व्यवस्था आगामी आर्थिक वर्षमा नै गरिनेछ । प्र.अ.हरुलाई दिदै आएको अतिरिक्त सुविधामा मनासिव रकम थप गरिनेछ ।
- सवै वडामा खेलकुद क्लव स्थापना गरि खेलकुद सामग्री सहायत प्रदान गर्ने कार्य गरिनेछ ।
- चतुर्भुजमा रहेको विद्यालयको मैदानलाई गाउँपालिका स्तरीय खेलकुद मैदानको रुपमा पूर्वाधार तयार गरिनेछ ।
- सवै वडामा वडा स्तरी खेलकुद मैदान निर्माण गरिदै लगिनेछ ।
- M.B.B.S, B.E, B.S.C.AG, B.TECH.,CA मध्ये कुनै एक विषयमा गाउँपालिकाले निश्चित रकम व्यहोरी अध्ययन गराउने व्यवस्थाका लागि कार्यविधि वनाइ लागु गरिनेछ ।
- विद्यालयसंग अध्यक्ष कार्यक्रम सञ्चालन गरि विद्यालय सुदृढका साथै व्यवस्थित गरिदै लगिनेछ ।
- विषयगत शिक्षकहरुलाई तालिम तथा कार्यशाला जस्ता कार्यक्रममा सहभागि गराइ नतिजा सुधारमा जोड दिइनेछ ।
- गाउँपालिकाबाट अनुदान दिइ नियुक्त शिक्षकहरुको तलव भत्ताको लागि थप बजेटको व्यवस्था गरिनेछ । वालविकासका शिक्षक र विद्यालय कर्मचारीको तलवमानमा नेपाल सरकारले तोकेको न्युनतम् मापदण्ड अनुकुल तुल्याइनेछ ।
- प्र.अ. नियुक्तिलाई कार्यसम्पादन करार र मूल्यांकनमा आधारित तुल्याइनेछ ।
- विद्यालयका प्रधानाध्यापक, गाउँशिक्षा समिति तथा गाउँपालिका विचको समन्वयात्मक बैठक वसि शिक्षा सुधार तथा विकासका लागि कार्ययोजना तयार गरि लागु गरिनेछ ।
- सम्पूर्ण सामुदायिक विद्यालहरूमा कक्षा १ देखि ५ सम्म अङ्ग्रेजी माध्यमबाट पठनपाठनलाई निरन्तरता दिइनेछ ।
- दिवा खाजा कार्यक्रममा शिक्षक कर्मचारी समेतलाई ससम्मान समेट्न आवश्यक वजेट व्यवस्था गरिनेछ ।
- उच्च शिक्षाको लागि क्याम्पस स्थापनाको लागि पहल गरिनेछ । उत्कृष्ट सामुदायिक विद्यालय प्रध्यानाध्यापक र शिक्षक छनौट गरी सम्मानको व्यवस्था गरिनेछ ।

## ३. खानेपानी तथा सरसफाई

- एक घर एक धारो कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- नागरिकको स्वास्थ्यलाई ध्यानमा राखि खानेपानी शुद्धता चेकजाँचका लागि मुहानवाटै

खानेपानीको गुणस्तर परीक्षण गर्ने कार्यको सुरुवात गरिनेछ ।

## ४. सांस्कृतिक प्रवर्द्धन

सांस्कृतिक संरक्षण र सम्वर्द्धनार्थ विभिन्न जनचेतनामूलक कार्यक्रमहरु संरक्षण गरिनेछ । विभिन्न जातजातिको रिवाज अनुसारको परम्परागत भेषभुषा, कला, साहित्य, परम्परागत मेला, कुल पुजा लगायतका सांस्कृतिक अवयवहरुको संरक्षणमा विशेष ध्यान दिइनेछ । संस्कृति विरोधी नव आधुनिकतावाद र कृत्रीमतालाई प्रस्रयहुने व्यवहारहरु निरुत्साहित र नियन्त्रण गरिनेछ ।

## ५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, सामाजिक सुरक्षा र सशक्तिकरण

सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने राज्यको अभिष्ट पुरा गर्न स्थानीय सरकारका हरेक गतिविधि लै.स.सा.स मैत्री र संवेदनशील वनाउदै लगिनेछ । यो पवित्र उद्देश्य पूरा गर्न

- बजेट तर्जुमा गर्दा लैङ्गिक उत्तरदायित्व र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको दृष्टिले निर्दिष्ट बजेट(कम्तिमा ६०%) हुने गरी तर्जुमा गर्ने पद्धतिलाई अनिवार्य पहिलो शर्तको रुपमा अंगिकार गरिनेछ ।
- घरेलु हिंसा र लैङ्गिक हिंसाका पिडित महिला तथा वालवालिकाहरुलाई पुनर्स्थापना गर्न सुरक्षित र मर्यादित सुविधासम्पन्न आश्रय स्थल(अल्पकालीन आवास गृह) स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।
- बालबिवाहलाई निर्मूल गर्न सचेतनामूलक कार्यक्रम लगायत छोरीहरुलाई माध्यमिक तहसम्म निःशुल्क तथा अनिवार्य शिक्षाकोको ग्यारेन्टी गर्न आवश्यक नीतिगत र कार्यक्रम सहित प्रवन्ध गरिनेछ ।
- अपांगता भएका वालवालिकाहरु लक्षित गरी उपयुक्त स्थानमा अपाङ्गमैत्री विद्यालय सहितको पुनर्स्थापना केन्द्र स्थापना गरी सञ्चालनमा ल्याइने छ ।
- महिलाहरुलाई बैंक खाता खोल्न प्रोत्साहन गरिनेछ ।
- गाउँपालिका स्तरिय मनोसामाजिक विमर्सकर्ता नियुक्ति तथा परिचालन गरिनेछ ।
- वालविवाह मानसिक स्वास्थ्य मनोविमर्स सम्बन्धी गाउँपालिका टोल वस्तीमा घुम्ती जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- उपाध्यक्षसँग महिला कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भित्र निर्माण हुने सार्वजनिक संरचनाहरुलाई अपाङ्गमैत्री, बालमैत्री र लैङ्गिकमैत्री बनाइने नीति कार्यान्वयन गरिनेछ ।
- लैङ्गिक हिंसा निवारण कोषमा कम्तीमा बार्षिक रु.२००,०००। (अक्षेरुपी दुई लाख रुपैंया) रकम थप गर्दै जाने र हिंसा प्रभावित महिलाहरुलाई कानूनी परामर्श, उपचार खर्च, व्यवसाय सञ्चालन तथा जीविकोपार्जनका लागि अनुदान कोषबाट उपलव्ध गराइनुको साथै अनुगमनलाई प्रभावकारी बनाइने छ ।

- अनाथ, असहाय तथा जोखिममा रहेका बालबालिकाको लागि बाल संरक्षण कोषमा कम्तीमा बार्षिक रु.२००,०००(अक्षेरुपी दुई लाख रुपैंया) रकम थप गर्दै लगिनेछ र बालबालिकासँग सरोकार राख्ने विभिन्न व्यक्ति तथा संघ संस्थाहरुलाई पनि कोष वृद्धिको लागि आव्हान गरिनेछ ।
- लैङ्गिक हिंसा, बालविवाह, सामाजिक विभेद, शोषण, कुरीति, अन्धविश्वास हटाउन टोल विकास संस्था, महिला विकास समिति, आमा समूह, युवा क्लव, बालसमूह लगायत सामुदायिक स्तरका संस्थाहरुलाई स्वयंसेवी रुपमा परिचालन गरिने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिकाको बजेट प्रणालीलाई लैङ्गिक उत्तरदायी बनाइनेछ र बार्षिक रुपमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण (GESI Audit) लाई निरन्तरता दिइनेछ । उक्त परीक्षणबाट पहिचान भएका सुधार्नुपर्ने पक्षलाई कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।
- महिलाहरुको आर्थिक तथा सामाजिक हैसियत बढाउने खालका सीप तथा क्षमता विकास र रोजगारमूलक कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।
- गाउँपालिकालाई बालविवाह मुक्त गाउँपालिका घोषणा गर्न बालविवाह विरुद्धको रणनीतिको कार्यान्वयनका लागि विभिन्न संघ संस्थाहरुसँग समन्वय, सहकार्य गर्दै सामाजिक तथा कानूनी सचेतनामूलक कार्यक्रमलाई व्यापक बनाइनेछ ।
- वि सं २०८१ मा बालमैत्री गाउँपालिका घोषणा गर्न बालमैत्री स्थानीय शासन कार्यक्रमलाई विशेष अभियानका साथ सञ्चालन गरिनेछ । बालश्रम रोक्न विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य गरी अगाडि बढाइनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरु तथा ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र वितरण तथा अभिलेख व्यवस्थापनलाई निरन्तरता दिइनेछ साथै सहज पहुँचको लागि परिचय पत्र वितरण शिविर सञ्चालन गरिनेछ ।
- अपाङ्गता सम्वन्धी सचेतना बढाउनको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ र अपाङ्गता भएका व्यक्तिहरुलाई आवश्यकता बमोजिमको सहायक सामग्री वितरणलाई निरन्तरता दिइनेछ र सीपमूलक कार्यक्रमलाई प्राथमिकता दिइनेछ ।
- विपन्न, दलित, सहिद, वेपत्ता, घाइते र द्वन्द्व पिडित परिवारलाई विशेष आरक्षण सहितको प्राथमिकता प्रदान गरिने नीती अंगिकार गरिनेछ ।

## ६. फोहोरमैला व्यवस्थापन

- सुलिचौर, रुइनिबाङ बजार क्षेत्रको फोहोर व्यवस्थापनलाई निरन्तरता दिइनेछ ।
- सार्वजनिक स्थल, पाटी, पौवा लगाएतका क्षेत्रहरुमा साप्ताहिक सरसफाई कार्यक्रम अगाडि ल्याइनेछ ।
- सवै चोकमा फोहोर संकलन गर्ने डस्टविन राखिनेछ ।
- फोहोर संकलन, ढुवानी र डम्पिङको कार्यलाई नियमित गरिनेछ ।

- फोहोरको पुन प्रयोग र प्रशोधन गर्ने गरी नीति कार्यान्वयन गरिनेछ ।

## पूर्वाधार क्षेत्र

### १. सडक, भवन तथा पूल

- गाउँपालिकाका सवै वस्तिमा आ.व. २०८१/०८२ सम्म सडक पूर्वाधार पुर्याइनेछ ।
- निर्माण भएका सडकहरुको स्तरोन्नतिको कार्य तिव्रताका साथ गरिनेछ ।
- नेपाल सरकार र प्रदेश सरकारको सहयोगमा मुख्य सडकहरु कालोपत्रे गर्ने कार्यको लागि कुटनीतिक पहल गरिनेछ ।
- आगामि आ.व.मा नै सडक गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- सवै वडामा वडा कार्यालय भवन निर्माण गरिनेछ । वडा नं. १ र वडा नं. ४ को वडा भवन निर्माणको लागि आगामि आ.व.मा वजेट सुनिश्चित गरीनेछ ।
- सुलिचौर अरेश जोड्ने जुतुङ खोला पुल निर्माणको लागि पहल गरिनेछ ।
- सवै वडामा सुविधा सम्पन्न स्वास्थ्य चौकि निर्माण गरिनेछ । वडा नं. ५ मा निर्माणाधिन स्वास्थ्य चौकिलाई आगामि आ.व.वाटै पूर्ण क्षमतामा सञ्चालनमा ल्याइनेछ भने वडा नं ७ र ८ मा निर्माण गरिने स्वास्थ्य चौकि भवन आगामि आ.व.मा निर्माण सम्पन्न हुने गरी कार्य आरम्भ गरिनेछ ।

### २. व्यवस्थित सहरीकरण

- आफ्नो गाउँ/शहर आफै सफा र सुन्दर बनाउ भन्ने नीति ल्याइनेछ ।
- बजार क्षेत्रमा सडक वत्ति, CCTV Camera जडान गरिनेछ ।
- वजारको ट्राफिक व्यवस्थापन सरल पारिनेछ ।

### ३. संचार तथा सूचना प्रविधि

- गाउँपालिकाबाट हुने हरेक प्रकारका सूचनाहरुलाई वेवसाइट, सामाजिक सञ्जाल, पत्रपत्रिका र रेडियोहरुमा अपलोड, प्रकाशन र प्रशारणलाई निरन्तरता दिइनेछ ।
- सवै वडामा फाइवर इन्टरनेट पुर्याइनेछ ।

### ४. उर्जा

- वायो ग्यास प्रविधिलाई प्राथमिकता दिइनेछ । लाभग्राहिसंग लागत साँझेदारीमा वायोग्यास प्लाण्ट जडानमा अनुदान सहायता प्रदान गरिनेछ ।

### ५. वन वातावरण तथा विपद् व्यवस्थापन

- विपद् पिडितहरुको राहत तथा उद्दारमा सहयोग पुर्याउन स्थापना गरीएको कोष बृद्दि गरिनेछ ।

- गाउँपालिका क्षेत्रबाट निस्कने फोहोरलाई बर्गिकरण गरी गल्ने र नगल्ने छुट्याई फोहोरहरुको बैज्ञानिक रुपमा ब्यबस्थापन गरीने छ ।
- यस गाउँपालिका भित्र हुने बिपद् जोखिमको पूर्व तयारीब्यबस्थापन तथा क्षति न्युनिकरण , लगाएतका बिषयहरुलाई समेटि पूर्वतयारी रणनिति तयार गरिनेछ ।
- सुलिचौर र रुइनिवाङ विचमा फगाम खोलाको कटान रोक्न आगामि आ.व.मै तटवन्दको कार्य आरम्भ गरिनेछ ।

## सुशासन तथा अन्तर सम्वन्धित क्षेत्र

### १. राजश्व

- करदातामैत्री राजस्व प्रशासन निर्माण गरिनेछ । उत्तकृष्ट करदातालाई प्रोत्साहित गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।
- घर र घरले चर्चेको जग्गामा मालपोत करको सट्टामा सम्पति कर लागु गरिनेछ ।
- गाउँपालिका र उपभोक्ता समितिले कारोवार गर्ने गाउँपालिका स्थित फर्महरुले स्थानीय तहबाट करचुक्ता नलिएको खण्डमा त्यस्ता फर्महरुसँग कारोबार नगर्ने वा त्यस्ता फर्महरुले जारी गरेको विजक बमोजिम भुक्तानी गर्दा स्थानीय तहलाई अनिवार्य व्यवसाय कर तिरेको हुनुपर्ने व्यवस्था लागु गरिनेछ ।
- स्थानीय तहलाई तिर्नुपर्ने घरबहाल कर वुझाएपछि मात्रै आय कर लिनको लागि राजश्व कार्यालयसँग समन्वय गरिनेछ ।
- ५ लाख भन्दा माथि पुँजी भएको प्राइभेट फर्म नविकरण गर्दा गाउँपालिकाको सिफारिसको आधारमा गर्नको लागि घरलु तथा साना उद्योग कार्यालय समन्वय गर्ने व्यवस्था मिलाईने छ । साथै ५ लाख भन्दा कम पूँजी भएको प्राइभेट फर्मको दर्ता र नविकरण गाउँपालिकाबाटै हुनुभन्दा अगाडि घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएका ५ लाख भन्दा कम पूँजी भएका प्राइभेट फर्मको नविकरण गाउँपालिकाबाटै हुनको लागि फाइल हस्तान्तरण गर्न घरेलु तथा साना उद्योग समन्वय गर्ने व्यवस्था मिलाइने छ ।
- दर्ता रजिष्ट्रेशन नगरी सञ्चालनमा ल्याइएका पसल व्यवसायहरुको अनुगमन गर्ने र अनाइलबाट कर तिर्न सकिने व्यवस्था गरिनेछ ।
- उपभोक्ता हितसँग सम्बन्धित विविध सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

### २. सेवा प्रवाह विकास र सुशासनः

- चौमासिक तथा वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- राष्ट्रसेवक कर्मचारीहरुलाई प्रोत्साहन तथा क्षमता अभिवृद्धि तालिमको व्यवस्था गरिनेछ ।
- नागरिकहरुको आकांक्षा र अपेक्षा अनुरुपको जनमैत्री सेवा प्रवाहका लागि तत्परता विकास गर्न उत्प्रेरणाका कार्यहरु सञ्चालन गरिनेछ । राष्ट्रसेवकलाई थप जिम्मेवार र कर्तव्यनिष्ठ बनाइ कार्यसम्पादनको स्तरमा अभिवृद्धि ल्याउन उत्प्रेरणा सहित क्षमता विकासका कार्यक्रम

सञ्चालन गरिनेछ । मापन योग्य सूचक सहित कार्य सम्पादन करार गरी सवै कर्मचारीको कार्यविवरण तयार गरि लागु गरिनेछ । कार्यसम्पादन मूल्यांकनका आधारमा कर्मचारीलाई प्रोत्साहन दिइनेछ ।

- आन्तरिक पर्यटन प्रबर्द्धन गर्न तथा कर्मचारीलाई कामप्रति प्रोत्साहित गर्न एक हप्ताको भ्रमण काज र १५ दिनको तलब बराबरको रकम उपलब्ध गराईनेछ ।
- अन्य स्थानीय तहमा भए गरेका उदाहरणीय कार्यलाई आन्तरिकिकरण गर्न अध्ययन अबलोकन भ्रमणलाई जोड दिईनेछ ।
- सार्बजनिक सेवामा सबै बर्गक्षेत्रको समानुपातिक समाबेशी सहभागिता प्रबर्द्धन गर्न लोक सेवा आयोग लगायतका तयारी कक्षा सञ्चालन गरिनेछ ।
- संघीय सरकारप्रादेशिक सरकार र स्थानीय तहको ऐन नियम अनुसार गाउँपालिकालाई , आवश्यक पर्ने स्रोतको अवस्था हेरी संगठन संरचना र दरवन्दी सिर्जना गर्न संगठन विकास अध्ययनको आधारमा पदपूर्ती गरिनेछ ।
- स्थानीय सरकार सञ्चालनका लागि अहोरात्र जिम्मेवारी वहन गर्ने सवै कर्मचारीहरुको प्रोत्साहनका लागि संघीय नीति वमोजिम पारिश्रमिकतामा वृद्धि गरिनेछ । करार कर्मचारीहरुको समेत गाउँपालिकाको क्षमता अनुसार समय सापेक्ष पारिश्रमिकता वृद्धि गरिनेछ ।
- सरकारी तथा सार्वजनिक निकाय लगायत सवै क्षेत्रमा सदाचार संस्कृतिको अबलम्बन गरिनेछ । "म भ्रष्टाचार गर्दिन र हुन पनि दिन्न"भन्ने प्रतिज्ञा सहितको सुशासन कार्य संस्कृतिको प्रवर्द्धन गरिनेछ । भ्रष्टाचार रोकाथाम तथा नियन्त्रणको कार्यलाई थप प्रभावकारी बनाइनेछ । भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलता कायम गरिनेछ ।
- नागरिक मैत्री सेवा प्रवाह कार्य सम्पादनमा सहजताका लागि गाउँपालिकामा ,कार्यरत जनशक्तिलाई आवश्यकताका आधारमा वडामा रहने गरी परिचालन गरिनेछ । नगर प्रहरीको क्षमता विकास गरी पूर्ण क्षमतामा परिचालन गरिनेछ । नगर प्रहरीलाई गाउँपालिकाको Intelligence Unit का रुपमा विकास गरिनेछ ।
- गाउँपालिकामा कार्यरत सवै राष्ट्र सेवक कर्मचारीको मनोवल उच्च राख्न र सेवा प्रवाहलाई जनमैत्री र चुस्त दुरुस्त बनाउन संघीय सरकारको घोषणा वमोजिम तलव सुविधा र अन्य उत्प्रेरणात्मक कार्यक्रमहरु कार्यान्वयन ल्याइनेछ । (पेन्सन कोष ,कल्याण कोष ,विमा)
- कार्यालयको सेवा प्रवाहलाई जनमैत्री बनाइनेछ । कार्यालय परिसरमा हेल्प डेस्कको स्थापना गरी सेवा ग्राहीको सहजताको लागि आवश्यक सहजीकरण गरिनेछ ।
- बढ्दो उर्जा संकट वित्तीय स्खलनलाई मध्यनजर गर्दै "इन्धन बचाउ अभियान" सुरुवात गरिनेछ । कार्यालय आवतजावत र नीजि प्रयोजनको लागि सरकार सवारी साधनहरु घरमा लैजाने प्रणाली अन्त्य गरिनेछ । आगामी श्रावण १ गतेदेखि व्यक्तिगत लगबुक प्रणाली अनिवार्य गरिनेछ ।

- गाउँपालिकाबाट प्रदान गरिने सेवालाई अधिकतम जनताको घर दैलोमा पुर्‍याइनेछ । यसका लागि मासिक रुपमा प्रत्येक टोलमै पुगेर घुम्ति सेवा मार्फत घटना दर्ता गर्नेयोजना सम्झौता , गर्ने र स्वास्थ्य सिविर सञ्चालन गरिनेछ । वडा सेवा केन्द्रको स्थापना गरिनेछ । साथै बैंक सँगको समन्वयमा सामाजिक सुरक्षा भत्ता वडामा वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- सुनिलस्मृति गाउँपालिकाको सवै गतिविधि र सूचनामा नागरिकको पहुँच कायम हुने गरी Mobile Application को Develop गरी सञ्चालनमा ल्याइनेछ ।
- सेवाग्राही सन्तुष्टीको सर्वेक्षणका लागि विद्युतीय सर्वेक्षण र सर्वेक्षण कार्डको प्रयोग गरिनेछ ।
- स्थानीय बस्तु तथा सेवाको व्यापारको मूल्य तथा गुणस्तरको नियमन र अनुगमन गरिनेछ ।
- सवै खाले सार्वजनिक खरिदमा मितव्ययिताको साथै निपूर्णता र पूर्णतः प्रतिष्पर्धी वनाइनेछ ।
- पालिकामा रहेका वा यस क्षेत्रको विकास र समृद्धिका प्यासीहरु तथा विश्वविद्यालयको उच्च शिक्षा(स्नातकोत्तर) उतीर्ण गरेका वा विभिन्न सेवा र कर्मको क्षेत्रमा ख्याती प्राप्त गरेका व्यक्तिहरुको Think Tank निर्माण गरी गाउँपालिकाको विकास र समुन्नतीका लागि बौद्धिक लागत लिने कार्यको सुरुवात गरिनेछ
- टोल विकास संस्थाको क्षमता बिकास गरि पूर्ण क्षमतामा परिचालन गरिनेछ । वडास्तरीय श्रममा आधारित योजना टोल विकास संस्था मार्फत कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ ।
- योजना बैंकको अवधारणा अनुरुप वस्ति स्तरवाट संकलित योजनाहरुलाई योजना बैंकमा समावेश गरी प्राथमिकताका आधारमा कार्यान्वयन गर्दै लगिनेछ । मध्यकालीन खर्च संरचना (MTEF) को कार्यान्वयन मार्फत बहुवर्षिय योजनाहरुको लागि वजेटको सुनिश्चितता गर्दै गाउँपालिका तथा वडाको गौरवका योजना हरुको निर्माण गरिनेछ ।
- योजना अनुगमनलाई केबल औपचारिकतामा मात्र सीमित नगरि समग्र योजना प्रक्रियाको अभिन्न पाटोको रुपमा बिकास गरिनेछ ।
- नागरिकको गुनासो समयमै सम्वोधन गर्न र गाउँपालिकामा सहज पहुँच कायम गरी हटलाईन सेवा सञ्चालन गरिनेछ ।
- सेवा प्रवाह र विकासलाई प्रभावकारी बनाउन सेवाग्राहीको पृष्ठपोषण लिने पद्दतिलाई संस्थागत गरिनेछ ।
- सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन सम्बन्धमा गाउँपालिकाबाट हुने खरिद कार्यलाई व्यवस्थित गर्न खरिद इकाई गठन गरेर वार्षिक खरिद योजना तयार गरी एकद्वार प्रणालीबाट खरिद गर्ने व्यवस्था मिलाइने छ ।
- गाउँपालिका तथा मातहतका निकायको चल अचल सम्पत्तिको संरक्षण र व्यवस्थापनको उचित प्रवन्ध मिलाइनेछ ।
- सामाजिक संघ संस्थाको पारदर्शिता र सामाजिक उत्तरदायित्व सुनिश्चितता गर्ने तथा निजी क्षेत्रको व्यावसायिक सामाजिक उत्तरदायित्वलाई नियमन गरी कार्यान्वयनमा ल्याइनेछ ।

- लेखापरीक्षण गराउने, पेश्की र बेरुजुको लगत राख्रे, सम्परीक्षण गराउने एवं फछ्र्यौट गर्ने र अद्यावधिक गराउने सम्बन्धी कार्यलाइ विशेष प्राथमिकता दिइ वेरुजुलाई शुन्यमा झार्ने प्रयास गरिनेछ ।
- स्थानिय तहको वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा सम्वन्धी कार्यमा योजना तथा अनुगमन शाखासंग समन्वय र अन्य शाखासंग समन्वय गरी आवश्यक कार्य गरिनेछ ।
- स्थानीय तहको कानून बमोजिम लेखापरीक्षणमा सहजिकरण गरी बेरुजु समपरिक्षण गर्ने कार्यलाइ प्रभावकारी वनाइनेछ ।
- स्थानीय तहको लेखापरीक्षणको मापदण्ड कार्यान्वयनमा सहयोग गरिनेछ ।
- यस गाउँपालिकाले आर्थिक कारोबारोको वित्तीय अनुशासन कायम राखी आर्थिक कारोबारोमा पार्दर्शिकता, जवाफदेहिता, प्रबर्द्धन् कायम गरिनेछ ।

### ३. गरिबी निवारणः

- खर वा फुसको छानालाई जस्तापाताले प्रतिस्थापन गर्ने कार्यलाई आगामी आर्थिक वर्षमा अभियानको रुपमा सञ्चालन गरि फुसको छानो मुक्त गाउँपालिका घोषणा कार्यक्रमलाई अन्तिम चरणमा पुऱ्याइनेछ ।
- दलित वर्गहरुको उत्थान र सशक्तिकरणका लागि परम्परामा आधारित आयमुलक गतिविधि सञ्चालन गर्न आवश्यक व्यवसायिक सीप विकास तालिम प्रदान गरिनेछ ।

### ४. अन्यः

- वस्तीवस्ती अध्यक्ष कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्थानीय सरकारसंग जनता कार्यक्रमलाई निरन्तर दिइनेछ ।

## धन्यवाद!